सुनचाँदीको भाउ



| | |
|---|---|
| छापावाल सुन | : १२५,२०० |
| तेजावी सुन | : १२४,६०० |
| चाँदी | : १५२५ |

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

| मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | १ | १३२.३६ | १३२.९६ |
| युरो | १ | १४४.३३ | १४४.९८ |
| पाउन्ड स्टर्लिङ | १ | १६८.६१ | १६९.३८ |
| भारतीय रुपैयाँ | १०० | १६० | १६०.१५ |

# घट्यो उपभोक्ता क्रयशक्ति, खुम्चियो आयात

ममता थापा | *काठमाडौं*




सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

- आन्तरिक उत्पादनमा संकुचन आउँदा निर्यात झनै घट्यो
- व्यापार घाटा ९ खर्ब २९ अर्ब

समग्रमा आम उपभोक्ताको क्रयशक्ति कमजोर भएकाले बजारमा मागको कमी हुँदा आयात हरेक महिना खुम्चिँदै आएको छ। गत आर्थिक वर्षको फागुनको तुलनामा चालु आवको सोही अवधिमा आयात २.६६ प्रतिशतले घटेको छ। भन्सार विभागले मंगलबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकले यस्तो देखाएको हो।

गत आवको फागुनमा १० खर्ब ५८ अर्ब ३८ करोड ५५ लाख आयात भएकोमा यसवर्ष भने घटेर १० खर्ब ३० अर्ब २२ करोड २६ लाख रुपैयाँमा सीमित भएको छ। तर, गत माघसम्ममा कुल आयात ८ खर्ब ९७ अर्ब ९४ करोड रुपैयाँ कायम भएको थियो। वार्षिक रूपमा आयातमा कमी देखिए पनि एक महिनाको अन्तरमा भने १ खर्ब ३२ अर्ब २८ करोड बढी आयात भएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ।

बजारमा माग न्यून भएकाले पनि आयात घटेको भन्सार विभागको भनाइ छ। समग्रमा आयातको सबैभन्दा बढी हिस्सा पेट्रोलियम पदार्थ, फलाम र सवारी साधन बढी छ। तर, वार्षिक रूपमा भने गत आर्थिक वर्ष अत्याधिक आयात बढेर विदेशी मुद्रा सञ्चितिमा दबाब परेको भन्दै सरकारले नियन्त्रण गरेकाले अहिले यसको परिणाम देखिन थालेको हो। तर, अघिल्ला वर्षको तुलनामा आयात घट्दा बैंक तथा वित्तीय संस्थाबाट जाने कर्जा पनि कम भएको बैंकर्सहरू बताउँछन्।

नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसी आन्तरिक बजार चलायमान नहुँदा आयातमा कमी आएसँगै बैंकमा लगानीयोग्य पुँजी अधिक हुनुको एउटा कारण भएको बताउँछन्। विकास निर्माण तथा निजी आवास निर्माणमा सुस्तता आएकाले पनि अधिकांश आयातमा कमी आएको व्यवसायीको ठहर छ। गत माघमा पनि कच्चा सोयाबिन तेल, सुन, धान तथा चामल, पेट्रोलियम पदार्थ, कच्चा पाम तेललगायतका वस्तुको आयात घटेको थियो।

आयात मात्रै होइन देशभित्र उत्पादित उद्योग तथा कलकारखानाको उत्पादन क्षमतामा कमी आउँदा निर्यात पनि घटेको छ। गत आवको तुलनामा चालु आवको फागुनसम्ममा निर्यात ३.९९ प्रतिशतले घटेको छ। नेपालबाट गत वर्षको ८ महिनामा कुल १ खर्ब ४ अर्ब ७९ करोड ६१ लाख रुपैयाँ बराबरको निर्यात भएको थियो। यसपटक निर्यात घटेर १ खर्ब ६१ करोड ७४ लाख ४५ हजार रुपैयाँमा सीमित भएको छ। यसअनुसार गत वर्षको तुलनामा ४ अर्ब १७ करोड ८७ लाख ४४ रुपैयाँले निर्यात घटेको छ। रेमिट्यान्सको आकार बढ्दै गर्दा र निर्यातको आकारमा कमी आउँदा मुलुक परनिर्भरतातर्फ उन्मुख हुने खतरा रहेकोमा अर्थविद्हरूले चिन्ता व्यक्त गरेका छन्। अब सरकारले आन्तरिक लगानीमा जोड दिएर उत्पादन नबढाए मुलुकको अर्थतन्त्र संकटमा पर्न सक्नेबारे अर्थविद् डा.चन्द्रमणि अधिकारी सरकारको ध्यानाकर्षण गर्छन्।

कुल आयातको तुलनामा निर्यातको हिस्सा धेरै नै कम छ। नेपालको अर्थतन्त्र आयातित वस्तुमै निर्भर रहयो। जसले गर्दा निर्यातको हिस्सा कुल आयातको करिब १० प्रतिशत हाराहारीमा मात्रै हुने गरेको छ। नेपालले १ लाख रुपैयाँको आयात गर्दा १० हजार रुपैयाँ मात्रै निर्यात गर्न सकेको छ। यसैकारणले नेपालले सधैं व्यापार घाटा बेहोर्नु परेको हो। यसअवधिमा पनि नेपालको आयातको आकारभन्दा निर्यातको आकार झन घटेकाले व्यापार घाटा ९ खर्ब २९ अर्ब ६० करोड ५२ लाख ५५ हजार रुपैयाँ बराबरको छ। गत वर्ष व्यापार घाटा अझै बढी थियो। गत आवको ८ महिनामा ९ खर्ब ५३ अर्ब ५८ करोड रुपैयाँ बराबरको थियो। यसबीच व्यापार घाटा भने २.५२ प्रतिशतले घटेको छ। यसअनुरूप नेपालको कुल वैदेशिक व्यापार ११ खर्ब ३० अर्ब ८४ करोड १ लाख रुपैयाँ कायम छ। यो गत वर्षको भन्दा २.७८ प्रतिशतले कम हो। जबकी गत आर्थिक वर्ष ११ खर्ब ६३ अर्ब १८ करोड १७ लाख २३ हजार रुपैयाँ बराबरको वैदेशिक व्यापार गरेको थियो।

**वीरगन्ज भन्सार कार्यालयबाट साढे ३ खर्ब आयात**

आयात तथा निर्यातका ३० भन्सार विन्दुमध्ये सबैभन्दा बढी वीरगन्ज नाकाबाट वस्तुहरू भित्रिएको छ। यहाँबाट कुल आयातको ३४.२७ प्रतिशत वस्तु आयात भएको छ। उक्त भन्सार विन्दुबाट मात्रै ३ खर्ब ५३ अर्ब ४ करोड रुपैयाँ हाराहारमि आयात भएको छ। बढी आयात गरेको वीरगञ्ज नाकाबाट निर्यात भने कुलको १९.४६ अर्थात १९ अर्ब ५८ करोड रुपैयाँ बराबरको मात्रै गरेको छ। यसैगरी, बढी आयात गर्ने दोस्रोमा रहेको भैरहवा भन्सार नाकाबाट १ खर्ब ५७ अर्ब १३ करोड रुपैयाँ बराबरको छ।

# क्रस हिमालय रेलवे परियोजना नेपालको प्राथमिकतामा

**मन्त्री पुन र चिनियाँ राजदूत भेट**



**काठमाडौं** (अन्नपूर्ण): क्रस हिमालय रेलवे परियोजनालाई नेपालले उच्च प्राथमिकतामा राखेको अर्थमन्त्री वर्षमान पुनले बताएका छन्। नेपालका लागि चिनियाँ राजदूत छन सोङले मन्त्री पुनसँग भेटका क्रममा रेलवे परियोजनाको चासो व्यक्त गरिएको हो।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा मन्त्री पुनले चिनियाँ सहयोग तथा लगानीमा निर्माणाधीन विकास आयोजनाका कामलाई तीव्रता दिन आग्रह गर्दै प्रक्रियामा रहेका आयोजना अघि बढ्ने विश्वास व्यक्त गरे। पुनले नेपालको अर्थतन्त्रमा केही शिथिलता देखिएको र जनताको विकासको आकांक्षा उच्च भएकाले नियमितभन्दा थप सहयोगको अपेक्षा राखिएको उल्लेख गरे।

चिनियाँ लगानीमा चक्रपथको दोस्रो खण्डको काम छिट्टै अघि बढ्ने विश्वास व्यक्त गरे। यस्तै उनले जिलोङ-केरुङ-रसुवागढी-चिलिमे २ सय २० केभी अन्तरदेशीय प्रसारण लाइन निर्माणको काम पनि तत्काल अघि बढाउनुपर्ने बताए।

नेपाल र चीनबीच रेल मार्गसम्बन्धी परियोजनामा सैद्धान्तिक सहमति भइसकेको छ। केरुङ-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्गको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) निर्माणको काम जारी छ। 'रेल मार्ग नेपालीको सपना हो', मन्त्री पुनले भने, 'यो आयोजनालाई हामीले प्राथमिकतामा राखेका छौं। छिटो काम अघि बढोस् भन्ने चाहन्छौं।'

टोखा-छहरे सुरुङमार्ग निर्माणको कामलाई पनि नेपालले प्राथमिकतामा राखेकाले सम्भाव्यता अध्ययनको काम छिटो सकाउन आग्रह गरे।

मन्त्री पुनले भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सुरु गर्न आग्रह गरे।

राजदूत छनले नेपालको लगानी सम्मेलन सफलताको शुभकामना दिँदै चिनियाँ व्यवसायीको लगानी सम्मेलनमा उत्साहजनक सहभागिता रहने प्रतिबद्धता जनाए। चीनले नेपालको आर्थिक र सामाजिक विकासलाई उच्च प्राथमिकतामा राखेको उनले जानकारी दिए।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/०७ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/२७ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय दुलेगौडा, तनहुँबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (एक्काइस) दिने सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नामः बसन्त गुरुङ**<br>बाबुको नामः मेख वहादुर गुरुङ<br>बाजेको नामः धनवहादुर गुरुङ<br>ठेगाना : देउराली-३, तनहुँ<br>हालः आबुखैरेनी-६, तनहुँ<br>ना.प्र.नं.: २७१९६, जारी मिति :२०५४/०८/३०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>**कर्जा शिर्षकः सरल कर्जा (आवधिक)**<br>**कर्जा लिएको शाखाः दुलेगौडा, तनहुँ**<br><br>**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय दमौली, तनहुँमा श्री मेख बहादुर गुरुङको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, हिलेखर्क वडा नं.-८ ख, स्थित कित्ता नं. ३०४ को क्षेत्रफल ३८०१.६४ व.मी. को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | **क. नामः कोपीमाया गुरुङ**<br>बाबुको नाम : मनिराज गुरुङ<br>पतिको नाम : मेख वहादुर गुरुङ<br>ससुराको नामः धनबहादुर गुरुङ<br>ठेगाना : देउराली-३, तनहुँ, हालः आबुखैरेनी-६, तनहुँ<br>ना.प्र.नं.: ७४२१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>**ख. नामः मेखबहादुर गुरुङ**<br>बाबुको नामः धनबहादुर गुरुङ<br>बाजेको नामः अदिबल गुरुङ<br>ठेगानाः धरमपानी-३, तनहुँ हालः आबुखैरेनी-६, तनहुँ<br>ना.प्र.नं.: १०३२/३०, जारी मिति :२०६७/०५/१४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ<br>**ग. नाम : सुष्मा गुरुङ**<br>बाबुको नामः इमान सिं गुरुङ<br>पतिको नामः बसन्त गुरुङ<br>ससुराको नामः मेख बहादुर गुरुङ<br>ठेगाना : देउराली-३, तनहुँ, हालः आबुखैरेनी-६, तनहुँ<br>ना.प्र.नं.: ७११०५, जारी मिति : २०६०/१२/११<br>जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ |

शर्तहरु :
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ००२-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ००२-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय दुलेगौडा, तनहुँ वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय दुलेगौडा, तनहुँमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

अन्नपूर्ण विज्ञापन पाटी

**बिमालेख हरायो**
हराएको मिति : २०८०/११/२८
हराएको स्थान : कलङ्कीदेखि थानकोटसम्म आउने क्रममा
तपसिल बमोजिम मेरो निम्न व्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स क.लि को बिमालेख यात्राका क्रममा हराएको हुँदा पाउनु हुन महानुभावले नजिकै को शाखा कार्यालय, प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध गर्दछु।
नाम : दिपिका भट्ट
बिमालेख नं. : १५१००१२३०
ठेगाना : थानकोट
सम्पर्क नं. : ९८६३१९९४७२

**माइग्रेसन हरायो**
हराएको मिति : २०८०/११/०४
हराएको स्थान : पुतलीसडकदेखि नयाँ बानेश्वरसम्म आउने क्रममा
तपसिल बमोजिम मेरो निम्न व्यहोराको NEB बाट जारी गरिएको Migration Certificate यात्राका क्रममा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकै को प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध गर्दछु।
Name: Manish Majhi
Regd. No.:741805212
Add: Bardibas, Mahottari
Mob. No.: 9761783207

**मोटरसाइकल हरायो**
हराएको मिति : २०८०/१२/०२ गते
हराएको स्थान : बसुन्धारा, खरिबजार
तपशिल बमोजिम मेरो निम्न व्यहोरा भएको बागमती प्रदेश-०२-०४४ प ५५७८ नम्बरको Pulsar 220F कालो/रातो रंग भएको मोटरसाइकल पार्किङ गरी राखेको अवस्थामा चोरी भएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकका प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु।
नामः लोक राज बस्नेत
ठेगनाः स्वयम्भु
इन्जिन नं.: OKXCNM38209
च्यासिस नं.: MD2ABEX2NCM83886
सम्पर्कः 9848752356

DO ADVERTISEMENT
PROMOTE YOUR BUSINESS
Dial @
01-4112461
9801348889

**प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**
**कलवलगुरी, झापा, कोशी प्रदेश नेपाल**
फोन: ०२३-४५२१०८

## प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८०/१२/०७

यस प्रतिष्ठानबाट तपशिल कार्यको लागि खुल्ला प्रतिस्पर्धात्मक प्रस्ताव माग गरिएकोमा निर्धारित मिति र समयभित्र पेश हुन आएका प्राप्त प्रस्तावहरु मध्येबाट तपशिल प्रस्तावदाताको तपसिल बमोजिम परामर्श सेवा शुल्क कायम भएको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गर्ने आशयले छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सम्झौता संकेत नं. | कार्यको नाम | छनौट भएको प्रस्तावदाताको नाम | परार्मश सेवा शुल्क (मू.अ. कर समेत रु.) |
|---|---|---|---|
| PRTA-P1/S/ QCBS/06/2080-81 | Preparation of Revenue Improvement Plan of selected LGS under Koshi Province | RIMC-Strength JV | ५३,७४,२८०/- |
| PRTA-P1/S/ QCBS/07/2080-81 | Preparation of Periodic Plan of selected LGS under Koshi Province | RIMC-Strength JV | ५५,९७,२२९/- |
| PRTA-P1/S/ QCBS/09/2080-81 | Preparation of Gender Equity and Social Inclusion Mainstreaming Strategy of selected LGS under Koshi Province | Udaya - Bright Future International JV | ३९,८६,०५०/- |

**Halesi Tuwachung Municipality**
**Office of the Municipal Executive**
**Durchhim, Khotang**
**Koshi Province, Nepal**

## Invitation for Electronic Bids

First Date of Publication: 2080/12/07 (20-03-2024)

1. The Halesi Tuwachung Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT With PS | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | HTM/Works/ NCB-13/2080/81 | Construction of Health Care Center (Type-1) at Salle | 60,29,142.08 | 1,75,000.00/- (Validity 120 days) | 3,000/- | 19-04-2024, 12:00 | 19-04-2024, 13:00 |
| 2 | HTM/Goods/ NCB-14/2080/81 | Procurement of ICT Devices | | 80,000.00/- (Validity 120 days) | 3,000/- | 19-04-2024, 12:00 | 19-04-2024, 13:00 |

2. Bidder must submit tax clearance of FY: 2079/80
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Halesi Tuwachung Municipality, Durchhim, Khotang or PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

*Chief Administrative Officer*